**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २९ गते बिहीबार ❑ 14 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## जहाँ शान्ति सुरक्षा त्यही पर्यटकको रोजाई

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा क्षेत्रको दिगो पर्यटनको लागि शान्ति सुरक्षा सहित पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न बुधबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिनु भएको छ।

पोखरा भ्रमण वर्षको आयोजना तथा जिल्ला प्रहरी कार्यालय कास्की र पोखरा पर्यटन परिषद्को समन्वयमा सुरक्षित पर्यटन, हाम्रो अभियान" भन्ने नाराका साथ पर्यटन क्षेत्रको सुरक्षा व्यवस्थापन सम्वन्धि बुधबार पोखरामा आयोजना गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागिहरुले यस क्षेत्रको दिगो पर्यटनको लागि शान्ति सुरक्षा सहित पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न सुझाव दिनु भएको हो। पोखरालाई पर्यटनको राजधानी र भ्रमण वर्ष २०२५ घोषणा गरिएको सन्दर्भमा यस अभियानलाई सफल पार्न सबै सरोकारवालाहरु लाग्नु पर्ने राज्यको मुख मात्र ताकेर बस्न नहुने सहभागिहरुको जोड थियो। पोखरा भ्रमण बर्ष २०२५ कार्य सम्पादन समितिका संयोजक गोपी बहादुर भट्टराईले सहभागिहरुले दिएको सुझावलाई सम्बन्धित पक्षसम्म पुराई त्यसको कार्वान्वयनको लागि पहल गर्ने जनाउनु भयो ।कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रदेवी शर्मा



पौडेलले निजी क्षेत्रको मनोबल उच्च पार्दै राजस्व वृद्धि हुने गरी प्रशासन काम गरिरहेको बताउनुभयो । मापदण्ड लागू गर्ने विषयमा प्रशासन सचेत रहेको उल्लेख गर्दै उहाँले पर्यटन क्षेत्रमा देखिएका शान्ति-सुरक्षा सम्बन्धी चुनौतीलाई सामना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, महिला तथा बालबालिका सम्बन्धी समस्यामा सबै पक्षको सक्रियता आवश्यक रहेकोमा प्रजिअ पौडेलले जोड दिनुभयो। गण्डकी प्रदेशका प्रहरी प्रमुख (डिआइजी) दिनेश कुमार आचार्यले विगतका कमजोरी सुधार्दै पोखराको पर्यटन प्रवर्द्धनका लागि आवश्यक शान्ति-सुरक्षाको प्रत्याभूति दिने प्रतिवद्धता जनाउनुभयो। पोखराको पर्यटन विकासमा आरोप-प्रत्यारोप भन्दा प्रत्येक व्यक्ति सचेत र सजग रहनुपर्ने उहाँले सुझाव दिनुभयो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख (एसपी) श्यामबाबु ओलियाले पर्यटक माथि दुर्व्यवहार भए तत्काल प्रहरीलाई सूचना दिन आग्रह गर्नुभयो। केही चिनियाँ पर्यटकद्वारा बालबालिकालाई प्रलोभनमा पारेर बालविवाह र मानव बेचबिखन प्रयास गरेको घटनाबारे जानकारी दिँदै उहाँले मुद्दा दर्ता भइसकेको र यस विषयमा विशेष सतर्कता आवश्यक रहेको बताउनुभयो । नेपाल पर्यटन बोर्डका पूर्व सदस्य एवं अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले सुरक्षाकर्मीहरुलाई हातहतियार बिना सुरक्षार्थ पर्यटन क्षेत्रमा खटिन आग्रह गर्नुभयो । उहाँले पर्यटक प्रहरीलाई प्रभावकारि बनाउदै पर्यटन सूचना केन्द्र स्थापना गर्न माग गर्नुभयो।

नेपाल पर्यटन बोर्डका पूर्व सदस्य वासुदेव त्रिपाठीले रात्रीकालिन र पूर्णकालीन व्यवसायीहरुले मापदण्ड पालना नगरेको गुनासो गर्नुभयो। वोर्डका पूर्व सदस्य एवं परिषदका पूर्व अध्यक्ष टिकाराम सापकोटाले पर्यटनमा सुरक्षा महत्वपूर्ण हुने बताउनु भयो । उहाँका अनुसार शान्ति र सुरक्षा बिना दिगो पर्यटनको परिकल्पना गर्न सकिदैन । फ्रान्सका मौरिस हर्जोकले १९५० मा अन्नपूर्ण हिमाल आरोहण भएसँगै नेपालको पर्यटनको ढोका खुलेको सापकोटाले जनाउनु भयो। जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरि बहादुर बस्नेतले पर्यटक-केन्द्रित सुरक्षा समस्या र चुनौतीका बिषयमा सहजीकरण गर्नु भयो। पोखरा भ्रमण वर्षका सहसंयोजक दामोदरभक्त थापाले लेखनाथ क्षेत्रमा पर्यटन मैत्री उचित सुरक्षाकर्मी व्याबस्थापन गर्न माग गर्नुभयो । पर्यटक प्रहरी सुदृढीकरण, लेकसाइड, विमानस्थल र बसपार्क क्षेत्रमा सहज वातावरण निर्माण गर्न, रात्रिकालीन सुरक्षा, लेकसाइड, फेवाताल किनारा, बेगनास र साराङकोट क्षेत्रमा संयुक्त गस्ती र सडक-गल्लीमा लाइटिङ सहित सीसी क्यामरा जडान, जल तथा साहसिक गतिविधि सुरक्षा, डुङ्गा/कयाकिङमा लाइफ-ज्याकेट अनिवार्य, पाइलट/इन्स्ट्रक्टर लाइसेन्स र उपकरण मापदण्ड पालना, आपतकालीन उद्धार प्रोटोकल, प्राकृतिक जोखिम व्यवस्थापन, मनसुनमा पहिरो-बाढी सचेतना, वैकल्पिक पदमार्ग, प्राथमिक उपचार तालिम, सफाइ र संरचना व्यवस्थापन, तालछेउको फोहोर व्यवस्थापन, अव्यवस्थित पार्किङ नियन्त्रण गर्न सहभागिले सुझाव दिनुभयो।

## पोखरा महानगरपालिका र युङजिन विश्वविद्यालय कोरियाबीच समझदारी

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

पोखरा महानगरपालिका र युङजिन विश्वविद्यालय गणतन्त्र कोरियाबीच प्राविधिक शिक्षाको अध्ययनका लागि छात्रवृत्ति आदानप्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

पारस्परिक लाभ, समानता, पारदर्शिता र साझा विकासको सिद्धान्तमा आधारित समझदारीमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र युङजिन विश्वविद्यालयको तर्फबाट प्राध्यापक चोइ जेइयोङले बुधबार समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो।

समझदारीअनुसार शैक्षिक विकासका सन्दर्भमा पोखरा महानगरपालिका क्षेत्रको अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै प्राज्ञिक, सांस्कृतिक र प्राविधिक सहयोगमार्फत दुई देशबीच अन्तरराष्ट्रिय सम्बन्ध र पारस्परिक विकासमा जोड दिइनेछ। शिक्षा, पर्यटन र प्रविधिका क्षेत्रमा अन्तरराष्ट्रिय सहयोगलाई समर्थन गर्न मानव संसाधन तथा सूचना आदानप्रदान, महानगरपालिका र युङजिनबीच अनुकूल शैक्षिक



कार्यक्रमहरू, भ्रमण र भर्चुअल शिक्षामा साझेदारी गरिने महानगरपालिकाले जनाएको छ । सहरी विकास, पर्यटन र दिगो अभ्यासलगायत पारस्परिक हितका क्षेत्रमा संयुक्त अनुसन्धान र नवप्रवर्तन परियोजनामा सहकार्य गरिने समझदारीपत्रमा भनिएको छ । महानगर प्रमुख आचार्यले दुईपक्षीय समझदारीले पोखराबाट वैदेशिक अध्ययनका लागि कोरिया जाने विद्यार्थीलाई उनीहरूको अध्ययन, सामाजिक सुरक्षा र न्यूनतम रोजगारीमा विश्वविद्यालयले आवश्यक सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो । प्राविधिक शिक्षाका सन्दर्भमा विश्वविद्यालयसँगको समझदारीले विद्यार्थीको अन्तरराष्ट्रिय छात्रवृत्तिमा पहुँच स्थापित गर्ने भएकाले यसका लागि पोखरा महानगरपालिकाले आवश्यक सहजीकरण गर्ने उहाँले बताउनुभयो। उच्च शिक्षा अध्ययनका लागि जान चाहने विद्यार्थी तथा अध्ययताहरूलाई समेत यसले महत्वपूर्ण सहयोग पुग्ने उहाँले बताउनुभयो।

पोखरामहानगरपालिकासँगको सहकार्यमा आफूहरू यहाँको शैक्षिक विकासका लागि हातेमालो गर्न तत्पर रहेको विश्वविद्यालयका प्राध्यापक चोइ जेइयोङले बताउनुभयो।

विशेषगरी प्राविधिक शिक्षा, मानवसंशाधन र पारस्परिक लाभका विषयहरूमा पोखरा महानगरसँग आफूहरू नजिकबाट काम गर्न चाहिरहेको उहाँको भनाइ छ । यसअघि पनि कोरियन सरकार र एजेन्सीजहरूको सहयोगमा पोखरामा विभिन्न परियोजना सञ्चालनमा छन्।

## २०८४ सालको निर्वाचनसम्म यही राजनीतिक समीकरण रहन्छ : प्रधानमन्त्री

रासस
काठमाडौं, २८ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले भीडद्वारा कुनै एक अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राखिएका आधारमा न्यायको हत्या गरेर अभियोगमुक्त हुन खोज्नेहरूबाट समयले यसको जवाफ सधैं माग्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भीडको पछि लागेर कुद्ने भीड अचम्मको मात्र होइन दयालाग्दो पनि भएको टिप्पणी गर्नुभयो । "लाखौँ जनताले सहकारीमा गरेको वचत हिनामिना गर्ने सयौँ व्यक्तिमाथि न्यायालयमा मुद्दा चलेको छ। अदालतले मुद्दा हेरिरहेको छ। पूर्वमन्त्री, पूर्वसांसद, बहालवाला मेयरलगायत विभिन्न ओहोदामा रहिसकेका दर्जनौं व्यक्तिहरूलाई अदालतले थुनामा पठाएको छ । तर अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कुनै एक व्यक्तिमाथि 'राजनीतिक प्रतिशोध' भएको भन्ने जबर्जस्त भाष्य बनाउन खोजिएको छ", प्रश्नात्मक शैलीमा प्रधानमन्त्री ओलीले भन्नुभयो, "एउटा व्यक्तिमाथि प्रतिशोध भएको हो भने थुनामा रहेका अन्य




व्यक्तिमाथि के भएको हो ? त्यो चाहिँ कानुनी कारबाही हो ? अर्बौं रुपैयाँ अपचलन गरेको आरोपमा थुनामा रहेका सयौँमध्ये कुनकुन व्यक्तिमाथि 'प्रतिशोध' भएको हो ? कुन कुन व्यक्तिमाथिको थुना जायज हो ?" उहाँले यस्ता कुरालाई लिएर लगातार संसद् अवरुद्ध गरी विस्मयकारी, भावनात्मक र हानिकारक उत्तेजनाको एकालापमा मुलुकलाई लैजानु कदापि उचित नहुने बताउनुभयो।

प्रधानमन्त्री ओलीले स्वतन्त्र न्यायालयले गर्ने निर्णय सरकार अनुकूल वा प्रतिकूल जेसुकै भए पनि त्यसमा सरकारको हात नहुने स्पष्ट गर्दै संसद्, सरकार, न्यायालयलगायत आफ्नो काम गर्नुपर्ने लोकतान्त्रिक प्रणालीका सबैजसो अङ्गहरूलाई पेशेवर 'मास म्यानुपुलेसन'को आक्रमणबाट बचाउनुपर्नेमा जोड दिनुभयो। उहाँले अहिलेको सरकार विथोलिएको राजनीतिलाई लयमा फर्काउने, शिथिल अर्थतन्त्रलाई गतिशील बनाउने, राजनीति र नीतिमा उत्पन्न अस्थिरतालाई अन्त्य गरी नीतिगत स्थिरता कायम गर्ने, थालेको काम सक्ने- प्रतिनिधिसभाको यस कार्यकालमा हुन नसक्ने कामलाई थाती राख्ने, र मुलुकलाई बोझ बनेका असान्दर्भिक योजना/कार्यक्रमहरू खारेज गर्ने क्रममा रहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले आज संसद्मा उछालिएका कतिपय विषय राष्ट्रिय प्राथमिकता र आवश्यकतामा आधारित नभएको तथा देश र जनताको हितमा केन्द्रित रहेर काम गर्नुपर्ने यस सम्मानित सदनलाई झुठा कथा सिर्जना गरेर 'कन्फ्युजन' पैदा गर्ने र सोसल मिडियाका लागि कन्टेन्ट उत्पादन गर्ने थलो बनाउने दुष्प्रयास भइरहेको टिप्पणी गर्नुभयो । "कतिसम्म भने भिजिट भिसामा विदेश गएर उतैको नागरिकता लिएर, उताको नागरिकता नत्यागी नेपाल फर्केर मन्त्रीसम्म भएका प्रमाणित अभियुक्तहरू र भिजिट भिसामा गएर उतै दुईदुई पटक बिहे गरिसकेका व्यक्तिहरूले समेत अन्तरराष्ट्रिय विमानस्थलमा प्लेन चढ्ने सबै नागरिकलाई 'बेचिएको' भन्ने भाष्य स्थापित गर्न खोजिरहेका छन् । यसका पछाडि मुलुक र नागरिकको हित जोडिएको छैन, यसले इमोसनल ब्ल्याकमेलिङ मार्फत आफ्नो स्वार्थको रोटी सेक्ने प्रवृत्ति मात्र उजागर गरेको छ।" उहाँको भनाइ थियो।

अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी २०८४ सालको निर्वाचनसम्म यही राजनीतिक समीकरण अगाडि बढ्ने पुनः स्पष्ट गर्दै उहाँले लोकतन्त्रको सम्वर्द्धनका लागि नभई त्यसको उपभोग गर्ने त्यसको हुर्मत लिने अभिष्ट भएकाहरूले प्रणालीमाथि प्रहार गर्न खोजे पनि आफूहरू प्रणालीको रक्षाका लागि दृढ भएको बताउनुभयो।

# भलिबलको जितभन्दा ठूलो जित सात युवाको

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

राजनीतिक दल र संघ-संस्थाले धैरै जसो सामाजिक सेवा गर्न पटक पटक भन्ने गर्दछन् । कहिले वाचा वन्दन कहिले पुरा हुन्छ । केही वाचा भाषण र कागजमै सीमित पनि रहन्छन् । समाजमा केही गर्न खोज्यो भन्यो आर्थिक तगारो वन्न पुग्छ । तर तगारो खोल्ने भनेको कि सरकारी कार्यालय । कि राजनीतिक पार्टी । कि व्यक्तिमा गएर ठोकिन्छ । वडा नं १३ का सात युवा तीन वटै विन्दुमा ठोकिए तर निरास भएर फर्किएको युवा व्यवसायी रामप्रसाद वरालले पोखरापत्रलाई वताए । निरासलाई शक्तिमा वदलेर शुभचिन्तक सँग भैलो खेलेर १३ का सात युवाले देखाए भलिवलमा । सेवा भावना भनेको न त पद चाहिन्छ, न त बजेटको लहरो, बरु चाहिन्छ दृढ मन र काम गर्ने हात । ती सात युवाले आफ्नो रातदिन नभनि सबै सँग संकलित रकमले भलिबल प्रतियोगिताको माध्यमबाट संकलन गरेर बचेको रकम बुधवार शिक्षा क्षेत्रमा सहयोग गरेका छन् ।



ती सात युवाहरूको समन्वयमा गत चैतमा सम्पन्न प्रथम अमलाचौर चापडाँडा भेन्ट्रान्स भलिबल प्रतियोगिताबाट बचेको रकम स्वास्थ्य र शिक्षामा लगानी गर्ने निर्णयबोजिम वडा नम्बर १३ का विद्यालयहरूलाई हस्तान्तरण गरिएको कार्यक्रम संयोजक देवेन्द्र परियारले जानकारी दिए । आर्वा अमलाचौरका युवाहरूको सक्रिय समन्वयमा आयोजित प्रथम अमलाचौर चापडाँडा भेन्टास भलिबल प्रतियोगिता-२०८१ बाट भएको आम्दानी शिक्षा क्षेत्रमा सहयोग गरिएको हो । युवाहरूले गत वर्ष फागुन २९ देखि चैत २ गतेसम्म प्रथम अमलाचौर चापडाँडा भेन्टास भलिवल प्रतियोगिता आयोजना गरेका थिए। भलिबल प्रेमीहरू, शुभचिन्तकहरू र स्थानीय समुदायको उत्साहपूर्ण सहभागिताले यो प्रतियोगिता निकै सफल भएको थियो । आयोजकहरूले यो कार्यक्रममार्फत शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्ने लक्ष्य राखेका थिए, जसलाई उनीहरूले उल्लेखनीय रूपमा कार्यान्वयन गरेका छन् । प्रतियोगिताको आर्थिक पक्षलाई पारदर्शी रूपमा प्रस्तुत गर्दै खेलकुद आर्थिक संयोजक रामप्रसाद बरालले कुल २ लाख ७७ हजार ५ सय ९१ रुपैयाँ संकलन भएको जानकारी गराए । खेलकुद आयोजनाका लागि २ लाख १७ हजार ५ रुपैयाँ खर्च भएको र बाँकी ६० हजार ५ सय ८६ रुपैयाँ बचत भएको वरालले भने । त्यसैगरी, २०८१ चैत १ देखि २०८२ साउन २८ गतेसम्मको अवधिमा प्राप्त ७ सय ५० रुपैयाँ ब्याज जोड्दा कुल बचत रकम ६१ हजार ३ सय ३६ पुगेको छ । यो रकमले आयोजकहरूको पारदर्शिता र आर्थिक व्यवस्थापनको कुशलता प्रष्ट झल्किएको छ । आयोजक समितिले भविष्यमा पनि यस्ता सामाजिक कार्यहरूलाई निरन्तरता दिने र शिक्षा क्षेत्रमा अझ ठूलो सहयोग गर्ने प्रतिबद्धता वराललले व्यक्त गरेका छन् । "हामीलाई सधैँझैं भलिबल प्रेमीहरू, शुभचिन्तकहरू र समुदायको साथ र सहयोगको अपेक्षा छ," कार्यक्रम संयोजक देवेन्द्र परियारले भने । यो प्रतियोगिताले स्थानीय समुदायमा खेलकुदप्रतिको उत्साह बढाउनुका साथै युवाहरूको सामाजिक कार्यमा सक्रियता र एकताको उदाहरण प्रस्तुत गरेको छ । सातै जना युवको सहभागीतामा पोखरा-१३, आर्वा अमलाचौरस्थित अमरज्योति आधारभूत विद्यालयलाई रु १५ हजार रुपैयाँ नगद र ७ हजार ५ सय बराबरको शैक्षिक सामग्री प्रदान गरिएको छ त्यस्तै, सिमला आधारभूत विद्यालय, पोखरा-१३, आर्वालाई १० हजार रुपैयाँ नगद सहयोग गरिएको छ । त्यसैगरी आर्वा विजय माध्यमिक विद्यालय, पोखरा-१३, डाँडबेसीलाई पनि १५ हजार रुपैयाँ नगद सहयोग प्रदान गरिएको छ । यी सहयोगहरूले स्थानीय विद्यालयहरूको शैक्षिक वातावरण सुधारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ यी सबै सहयोगपछि आयोजक समितिसँग १३ हजार ८ सय ३६ रुपैयाँ बचत रकम बाँकी रहेको छ, जुन भविष्यमा थप सामाजिक कार्यहरूमा उपयोग गरिने योजना युवाहरूको रहेको छ । तीन वटै विद्यालयमा आयोजित कार्यक्रममा कार्यक्रम संयोजक देवेन्द्र परियार, सुरज अधिकारी, शम्भु सिग्देल, खेल संयोजक अमृत परियार, श्री अधिकारी, आर्थिक संयोजक रामप्रसाद बराल, लक्ष्मणप्रसाद बराल उल्लेखनीय सहभागीता रहेको थियो । सामाजिक सेवाको यो "सात रंग" टोलीले प्रमाणित गरिदिएको छ– जब पदाधिकारी र ठूला संस्थाहरू चुक्छन्, साना-साना सपनाले पनि ठूलो उज्यालो ल्याउन सक्छन् ।

# पौडेल बंश महासंघ केन्द्रीय समितिद्वारा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन



पौडेल बंश महासंघ केन्द्रीय समितिको पोखरामा आयोजित तेस्रो पूर्ण बैठकका अवसरमा समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनुभएको पाँच जना ज्येष्ठ नागरिकलाई बुधबार सम्मान गरिएको छ ।

महासंघका तर्फबाट पोखराको न्युरोडस्थित होटेल दिपसागरको सभाकक्षमा ८९ वर्षीय तुलसी पौडेल, ८५ वर्षीय प्रा.पवित्रमणि पौडेल र ज्यो पं लिलाधर पौडेल एवम् ८३ वर्षीय प्रा.चतुर्भुज शर्मा पौडेल र निलकण्ठ शर्मा पौडेललाई सम्मान गरिएको हो । उहाँहरूलाई गण्डकी प्रदेशका वन तथा वातावरण मन्त्री भेषबहादुर पौडेल र महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेलले संयुक्त रुपमा सम्मान गर्नुभएको हो ।

कार्यक्रममा मन्त्री पौडेलले हामीहरू एक आपसमा घमण्ड र अहंकार भन्दा पनि समाज र राष्ट्रले गर्व गर्नसक्ने हुनुपर्नेमा जोड दिनुभयो । परिवारसँगै समाज र राष्ट्र निर्माणमा अभिभावकीय भूमिका निर्वाह गर्दै हाम्रा सन्ततीले पनि गर्व गर्ने किसिमको बन्नुपर्ने उहाँले बताउनुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले हामीहरू सिर्जनात्मक बन्दै हाम्रा हराउँदै गएका मौलिकतालाई जगेर्ना गर्नु जरुरी भएको बताउनुभयो । हाम्रा सन्ततीले पनि हामीबाट धैरै कुरा सिक्न सक्ने वातावरण तयार गुर्नुपर्नेमा उहाँले जोड दिनुभयो । महासंघका केन्द्रीय अध्यक्ष हरिराम पौडेलले 'पौडेल थर, हाम्रो साझा घर' भन्ने मूल आदर्श वाक्यका साथ महासंघ अघि बढीरहेको बताउँदै सबैलाई समेटेर बन्धुत्वको भावना अभिबृद्धि गराउँदै अघि बढ्ने बताउनुभयो ।

पौडेलहरूको थातथलो खोजीका क्रममा बझाङस्थित पैडीकोटमा गरिएको अध्ययन तथा भेटघाटको जानकारी दिदै उहाँले उक्त स्थलको संरक्षणसँगै पौडेलहरूका ऐतिहासिक दस्तावेजलाई संकलन एवम् व्यवस्थित गर्ने लक्ष्यका साथ महासंघ अघि बढीरहेको बताउनुभयो । महासंघले निकट भविष्यमा स्वास्थ्य सचेतना र बुद्धयौली व्यवस्थापन सम्बन्धी कार्यक्रम अभियानका रुपमा सञ्चालन गर्ने उहाँले जानकारी दिनुभयो ।महासंघका अध्यक्ष पौडेलको सभापतित्व एवम् महासचिव उद्धवप्रसाद पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत महासंघका उपाध्यक्ष( गण्डकी) शारदा पौडेलले गर्नुभएको थियो । बैठकमा अध्यक्ष पौडेल सहित बरिष्ठ उपाध्यक्ष शालिग्राम पौडेल, महासचिव उद्धव पौडेल, कोषाध्यक्ष युवराज पौडेलले आ आफ्ना तर्फबाट प्रतिवेदनहरू प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा प्रतिवेदनहरू सहित अन्य विभिन्न समसामयिक विषयमा पनि छलफल गर्दै महत्वपूर्ण निर्णयहरू लिइने महासंघले जनाएको छ । महासंघको बैठकमा सहभागी बन्न पूर्वमा ताप्लेजुङदेखि पश्चिम बझाङ लगायत स्थानबाट पदाधिकारी तथा सदस्यहरू सहभागी बन्नुभएको छ भने भारतबाट कुलबहादुर पौडेल र भुटानबाट बलराम पौडेलले समेत प्रतिनिधित्व गर्नुभएको छ ।

# जिप दुर्घटनामा एक जनाको मृत्यु, तीन घाइते

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ साउन

यहाँको मालिका गाउँपालिका-५ रुम्मामा आज जिप दुर्घटना हुँदा एक जनाको मृत्यु र तीन घाइते भएका छन् ।

दरवाङदेखि रुम्मातर्फ जाँदै गरेको ग २ च ४३९२ नं को बोलेरो जिप अनियन्त्रित भई सडकदेखि करिब ४० मिटर तल खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दुर्घटनामा परी मालिका गाउँपालिका-५ की ४३ वर्षीया छनदेवी फगामीको घटनास्थलमै मृत्यु भएको प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिनुभयो ।

जिपका चालक मालिका-५ का ४० वर्षीय चन्द्र पुन, १४ वर्षीया सिर्जना घर्ती र ७३ वर्षीय भविराज फगामी घाइते भएका छन् । घाइतेको दरवाङ आधारभूत अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# एकदिने हिमाली क्षेत्रमा हुन सक्ने विपद् व्यवस्थापन र प्राथमिक उपचार तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

कर्मफ्लाइट्स फाउन्डेसन नेपालले नेपाल एपीएफ मुक्तिनाथ फिल्ड अस्पताल, मालेपाटनसँग संयुक्त रूपमा बुधबार पोखरामा एकदिने पर्वतीय विपद् व्यवस्थापन र प्राथमिक उपचार सम्बन्धि तालिम सम्पन्न गरेको छ ।



तालिमका लागि सशस्त्र प्रहरी बल नेपाल (एपिएफ) कालिका गण पोखराको दिपद व्यबस्थापन टोली, पोखरा महानगरपालिका वडा नं. ५ र नेपाल रेडक्रस सोसाइटी, कास्कीले म्यानिकिनसहितको सिपिआर तालिममा सहयोग प्रदान गरेको थियो । जम्मा ३५ जना सहभागीमध्ये कर्मफ्लाइट्सका विपद् व्यवस्थापनमा सक्रिय स्टाफहरु , बोर्डका सदस्य, प्याराग्लाइडिङ पाइलटहरू, कर्मट्रेक्ससँग आवद्ध गाइडहरू एपिएफ अस्पतालका अग्रपंक्तिका सुरक्षाकर्मीहरू सक्रिय रूपमा संलग्न भएका थिए । कार्यक्रमको अध्यक्षता तथा प्रमुख प्रशिक्षकमध्ये एक नेपाल एपीएफ मुक्तिनाथ फिल्ड अस्पताल, पोखराका इन्स्पेक्टर डा. अकर्षा श्रेष्ठ र उनको प्रारामेडिक टोलीले एक्युट माउण्टेन सिक्नेस-एएमएस (लेक लाग्ने), प्राथमिक उपचार साथै सिपिआर सम्बन्धी प्रशिक्षण र एपिएफ विपद् व्यवस्थापन, गण्डकी प्रदेशका प्रमुख प्रशिक्षक इन्स्पेक्टर विजय पौडेल र उनको टोलीले उच्च हिमाली क्षेत्रमा विपद् व्यवस्थापन, डोरीको प्रयोग र पर्वतीय उद्धारसम्बन्धी व्यावहारिक सत्र सञ्चालन गरेका थिए । उद्घाटन कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ५ का अध्यक्ष विष्णु प्रसाद बरालले "यस्ता तालिमहरूले हामीलाई आकस्मिक विपद् आउँदा तयार बनाउँछन् र जीवन बचाउन मद्दत गर्छन्। गाइड र अग्रपंक्तिमा काम गर्नेहरू प्रायः डाक्टर नभएका दुर्गम क्षेत्रमा पहिलो उद्धारकर्ता हुने भएकाले उनीहरू दक्ष र सक्षम हुनु आवश्यक छ" भने ।

संस्थाका स्वास्थ्य संयोजक तथा तालिम संयोजक कृष्ण प्रसाद पाण्डेले, संस्थाले विगत १५ वर्षदेखि विपद् उद्धार, राहत, पुनःस्थापना र सामाजिक विकासमार्फत जीवन सामान्यीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको, साथै विभिन्न सरकारी निकाय र स्थानीय तहसँग सहकार्य र साझेदारी गर्दै मानव कल्याणका कामहरू गर्दै आएको जानकारी दिए । उनले हाल नेपाल एपीएफ मुक्तिनाथ फिल्ड अस्पतालका इन्चार्ज डा. अकार्शाको सक्रियतामा यो विपद् व्यवस्थापन तालिम सफल भएको उल्लेख गर्दै आगामी दिनमा स्वास्थ्य शिविर र यस्ता तालिमहरू गर्न साझेदारीको लागि अपिल गरे। तालिमका क्रममा सहभागीहरूलाई पर्वतीय जोखिमहरू तथा विपद् जोखिमबारे सचेतना दिलाइएको थियो । मौसम परिवर्तन, हिमपहिरो, पहिरो, नदी पार गर्ने तरिका, र उच्च हिमाली क्षेत्रका विभिन्न उचाइका असरहरूबारे विस्तृत जानकारी दिइयो । साथै, खोज तथा उद्धारका आधारभूत सीपहरू, आपतकालीन डोरीको प्रयोग, जमीनबाट आकाशमा दिने संकेतहरू (एसोएस, भी , एक्स), आकस्मिक उद्धार, स्ट्रेचर बिना घाइते बोक्ने तरिका, डण्डी वा अन्य सामग्री प्रयोग गरेर अस्थायी स्ट्रेचर बनाउने विधि, र उद्धार निकायसँग समन्वय गर्ने तरिकामा पनि व्यावहारिक प्रशिक्षण दिइएको संस्थाका विपद् कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले जानकारी दिए ।

प्रशिक्षक इन्स्पेक्टर पौडेलले भने, "सधैँ जोडीमा काम गर्न, तयारीसहित स्रोतसाधन लिएर हिड्न, सानो घटना पनि गम्भीर रुपले लिन र सधैँ सतर्क रहन सुझाए ।" डा. अकार्शाका अनुसार, यी सबै अभ्यासहरूले सहभागीहरूलाई विपद् परि स्थितिमा तुरुन्त पहलकदमी लिन सक्षम बनाएको विस्वास लिइन । तालिमपछि आफ्नो अनुभव बाँड्दै गाइड र पाइलटहरूले तालिम निकै उपयोगी र सोचेभन्दा पनि धेरै राम्रो भएको र अब पर्वतीय पदयात्रा क्षेत्रमा अझै दक्ष गाइड र उद्धारकर्ता बन्न सिप सिकाएकोमा संस्थाप्रति आभार प्रकट गरे ।

# मुक्तिनाथ क्षेत्रका धार्मिकस्थलमा दर्शनार्थी मैत्री पूर्वाधार निर्माण गरिने

**रासस**
मुस्ताङ, २८ साउन



यहाँको मुक्तिनाथ विकास समितिले मुक्तिनाथ र यसक्षेत्रका धार्मिकस्थललाई दर्शनार्थी मैत्री पूर्वाधार निर्माण गर्न करिब रु चार करोड बजेट विनियोजन गरेको छ ।

समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले मुक्तिनाथ, मुक्तिनाथ रानीपौवा बजार, कागबेनी र दामोदरकुण्ड धार्मिकस्थललगायतका क्षेत्रमा पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । विनियोजित बजेट समितिले सम्बन्धित स्थानीय तहसँग लागत साझेदारी गर्ने गरी कार्यान्वयन गर्ने अध्यक्ष भुसालले बताउनुभयो । कागबेनीधाममा नदी नियन्त्रण तथा श्राद्धस्थल निर्माणलगायतका लागि वारागुङ मुक्तिक्षेत्र गाउँपालिकासँग रु एक करोड बजेट लागत साझेदारी गर्ने गरी विनियोजन गरेको समितिका कोषाध्यक्ष एवं वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो । दामोदरकुण्डमा सुविधायुक्त धर्मशाला र पदमार्गमा आवश्यकता अनुसार धर्मशाला र प्रतिक्षालयलगायतका पूर्वाधार निर्माण गर्न लोघेकर दामोदरकुण्ड गाउँपालिकासँग रु एक करोड बजेट लागत साझेदारी गर्ने गरी बजेट विनियोजन गरिएको छ । त्यसैगरी मुक्तिनाथ प्रवेशद्वारबाट रानीपौवा बजारक्षेत्रमा छपनी ढुङगा विच्छ्याउन वारागुङ मुक्तिक्षेत्र र स्थानीय समुदायसँग लागत साझेदारी गर्ने गरी रु एक करोड २० लाख बजेट विनियोजन गरिएको छ । मुक्तिनाथ विकास समितिले लेक लाग्ने समस्याबाट बचाउन सूचनामूलक 'ब्रोसर' र केही थान 'होर्डिङ बोड' निर्माण गर्ने जनाएको छ । मुक्तिनाथ विकास समितिले आव २०८१/८२ मा भुक्तानी दिन बाँकी रकम २० लाख ६७ हजार ३२१ रुपैयाँ रहेको जनाएको छ । समितिले भौतिक व्यवस्थापन र दर्शनार्थीमैत्री पूर्वाधार निर्माणका लागि उक्त बजेट खर्च भएको र सोको भुक्तानी बुझाउन बाँकी रहेको उल्लेख गरेको छ । मुक्तिनाथ विकास समितिको खातामा रु १० करोड ३९ लाख ९८ हजार भेटी बापतको रकम मौज्दात रहेको जनाइएको छ । भक्तजनले रसिद काटेको र नगद चढाएको भेटी गरी उक्त रकम जम्मा भएको हो । यहाँ मुक्तिनाथ विकास समितिको पाँच वटा बैंक तथा वित्तीय संस्थामा सात वटा खाता सञ्चालनमा छ । भारतीय तथा अन्य विदेशी पर्यटकले चढाएको विदेशी मुद्रा मालपोत कार्यायल र जिल्ला प्रहरी कार्यालयमा सुरक्षित राखिएको छ । विदेशी भक्तजनले चढाएको दान भेटी सहज रूपमा सटही हुन नसक्दा त्यसरी राखिएको हो । समितिका अनुसार विदेशी मुद्रा सटही हुन बाँकी रहेको अमेरिकी डलर ९१८, मलेसियन रिङ्गेट १५०, क्यानेडियन डलर १००, सिङ्गापुर डलर १५, अष्ट्रेलियन डलर २०० र भारतीय मुद्रा १७ लाख एक हजार ५४८ रुपैयाँ रहेको छ । यसैगरी यहाँ सटही हुन नसकेको भारतीय मुद्रा जिल्ला प्रहरी कार्यालयमा राखिएको समितिले जनाएको छ । मुक्तिनाथ विकास समितिले आव २०८१/८२ मा रु २२ लाख ६७ हजार ५८२ रुपैयाँ खर्च भएको जनाएको छ । उक्त खर्च कर्मचारीको तलब, कम्प्युटर तथा स्टेशनरी, कर दाखिलालगायतका २१ शीर्षकमा भएको समितिले उल्लेख गरेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# रासायनिक मल वितरणमा झमेला

खेती लगाउने बेला मल नपाउने सनातनी समस्या छ। समयमा पानी नपर्दा धान रोपाइँ हुन ढिलो हुँदा समस्यामा परेका किसानलाई मलखाद नपाएर झन समस्यामा परेका छन। रासायनिक मल नपाउने र भएको पनि राम्रोसँग वितरण नहुने पुरानै रोग हो। सरकारले समयमै रासायनिक मल खरीद गर्न नसक्दाको असर देखिन थालेको छ। किसानका पीडा बुझेर प्रधानमन्त्री केपी शर्मा ओलीले रासायनिक मलको आपूर्ति व्यवस्था कसरी सहज पार्न सकिन्छ भनेर तीन दिनभित्र स्पष्ट खाका पेस गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएका छन। प्रधानमन्त्रीले कृषि तथा पशुपन्छी विकासमन्त्री, मुख्य सचिव, कृषि सचिव, कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनका प्रमुखसँग मङ्गलबार छलफल गरी कृषि मल व्यवस्थापन र उत्पादन वृद्धिबारे तीन दिनभित्र स्पष्ट खाका पेस गर्न तीनबुँदे निर्देशन दिएका छन्।

प्रधानमन्त्रीको सचिवालयका अनुसार धान बालीमा किसानले सहज ढङ्गले मल नपाएको गुनासो आएपछि यस विषयमा प्रधानमन्त्रीले सम्बन्धित निकायलाई बोलाएर छलफल गरेका छन। सो अवसरमा मलको आयात, मौज्दात र वितरण अवस्थाबारे प्रधानमन्त्रीले जानकारी लिएको मन्त्रालयले जनाएको छ। छलफलपछि प्रधानमन्त्रीले रासायनिक मलको आपूर्ति व्यवस्था चुस्तदुरुस्त गराउन नयाँ ढाँचासहितको तीन दिनभित्र ठोस योजना ल्याउन निर्देशन दिएको कृषि मन्त्रालयले जनाएको छ।

प्रधानमन्त्रीले रासायनिक मलको प्रयोगसँगै कम्पोस्ट र आर्गानिक मलको उत्पादन र प्रयोगका लागि राष्ट्रिय अभियान सञ्चालन तथा यसमा अनुदान नीतिको प्रस्ताव ल्याउन निर्देशन दिएको मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले जानकारी दिएका छन। कृषि मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा माटोको उर्वरता बचाउने खालको रासायनिक मल कारखाना नेपालमै खोल्न अध्ययनको खाका ल्याउनसमेत प्रधानमन्त्रीले निर्देशन दिएका छन। रासायनिक मलको आयात, वितरण, मौज्दातको अवस्था, टेन्डर, माग अनुसार आपूर्ति गर्न नसकिएको र वितरण प्रणालीमा समस्यालगायतका विषयमा प्रधानमन्त्रीलाई जानकारी गराएको थियो।

मन्त्रालयले मलको आपूर्ति नियमित रूपमा भइरहेको जनाए पनि किसानले समयमा मल पाउन सकेका छैनन्। बजारमा माग अनुसार मलको आपूर्ति कम हुनुका साथै वितरण प्रणालीमा देखिएको समस्याका कारण धान बालीमा मल हाल्ने समयमा बर्सेनि किसानले अभाव खेप्नु परेको छ। युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा माग अनुसार मलको आपूर्ति हुन नसक्नु, प्रदेश र स्थानीय तहले समयमा नै कोटा निर्धारण नगर्नु र सहकारीले समयमा कोटा अनुसार मल लिन नआउँदा पनि किसानले पर्याप्त मात्रामा मल पाउन नसकेको सरकारी अधिकारीको भनाइ छ।

कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनसँग हाल ३० हजार ९८३ मेट्रिक टन रासायनिक मल मौज्दात छ। जसमा युरिया १९ हजार ९२३ मेट्रिक टन, डिएपी १० हजार ४४८ मेट्रिक टन र ६११ मेट्रिक टन छ। यस्तै मन्त्रालयले चालु आव २०८२/८३ मा छ लाख मेट्रिक टन मलको खरिद गर्ने लक्ष्य राखेको छ। मल खरिदका लागि २८ अर्ब ८२ करोड रुपियाँ बजेट विनियोजन गरिएको छ। चालु आवको बजेटमार्फत धतीन लाख मेट्रिक टन मल खरिदका लागि बोलपत्र आह्वान भइसकेको मन्त्रालयले जनाएको छ। यस्तै रासायनिक मल एक लाख ४० हजार ५०४ मेट्रिक टन मल आउने क्रममा छ। यसमध्ये कृषि सामग्री कम्पनीतर्फ ७८ हजार ३४९ मेट्रिक टन र साल्ट ट्रेडिङतर्फ ६२ हजार १५४ मेट्रिक टन छ। मल खरिद गर्ने र वितरण गर्ने निकाय बीचमा समन्वय नहुने अवस्था अन्त्यको लागि पनि प्रधानमन्त्रीको निर्देशन किसानको हितमा छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चार दिनपछि खुल्यो कालीगण्डकी करिडोर

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ साउन

चट्टानसहितको ठूलो पहिरो खसेपछि अवरुद्ध बनेको कालीगण्डकी करिडोरको बागलुङ खण्ड चार दिनपछि सञ्चालानमा आएको छ। बागलुङ नगरपालिका-१३ कालाखोला बगरमा शनिबार अबिरल वर्षाका कारण पहिरो खस्दा करिडोर अवरुद्ध भएको थियो।

सडक करिडोर आयोजना तथा निर्माण व्यवसायीको अवरुद्ध सडकमा यातायात सञ्चालन सुरु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो। पहिरो खुलाउनका लागि आइतबारबाटै थालेपनि ठूलो पहिरो भएकाले मङ्गलबार दिउँसोबाट सवारीसाधन चल्नेगरी सडक सञ्चालनमा ल्याइएको बताउनुभयो। ठूला मालबाहक सवारी सञ्चालनका लागि थप चट्टान काट्ने काम समेत भइरहेको उहाँले बताउनुभयो। पहिरोका कारण ४० मिटर सडकको ट्र्याक नै परिवर्तन गरेर सडक सञ्चालनमा ल्याइएको हो।

# लम्पी स्किनविरुद्धको खोप अभियान सञ्चालन गरिने

**रासस**
चितवन, २८ साउन

जिल्लामा पशुचौपायमा देखिएको लम्पि स्किनरोग नियन्त्रणका लागि खोप अभियान सुरू गरिने भएको छ। आगामी भदौ १ देखि साताव्यापी खोप अभियान सञ्चालन गर्न लागिएको हो।

बागमती प्रदेश सरकारको सहयोगमा खोप अभियान सञ्चालन गर्न लागिएको पशुसेवा कार्यालयले जनाएको छ। कार्यालयकी सूचना अधिकारी डा सविना मिश्रका अनुसार प्रदेश सरकारबाट प्राप्त खोप सातै स्थानीय तहमा वितरण गरी पशुलाई लगाइने छ। प्रदेश सरकारले १३ जिल्लामा अभियानको रूपमा लम्पि स्किनविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको जनाइएको छ। जिल्लामा दुई हजार डोज खोप बाँकी छ। अभियानका लागि थप १० हजार डोज खोप प्रदेशबाट आउँदै छ। उहाँले भन्नुभयो “अहिले १२ हजार डोज खोप लगाउँदै छौं।” सातै स्थानीय तहमा गाईभैंसीमा यो खोप लगाइने छ। रोग लागिसकेका, गोठमा रोग देखिएका पशुलाई खोप नलगाइने उहाँले जानकारी दिनुभयो। स्थानीइ तहमा खोपकर्ता नियुक्त गरी पठाउने तयारी गरिएको छ। जिल्लामा हालसम्म ६१ हजार ७९९ पशुमा लम्पि स्किनविरुद्ध खोप लगाइ सकिएको छ। भरतपुर महानगरपालिकामा १४ हजार ८९६, खैरहनी नगरपालिकामा आठ हजार २००, राप्ती नगरपालिकामा १४ हजार ५००, रत्ननगरमा आठ हजार ६०० पशुमा खोप लगाइएको छ।

माडी नगरपालिकामा दुई हजार ८००, कालिका नगरपालिकामा नौ हजार ९७८, इच्छाकामना गाउँपालिकामा दुई हजार ८२५ पशु चौपायमा लम्पि स्किनविरुद्धको खोप लगाइसकिएको छ। उहाँका अनुसार जिल्लामा हालसम्म एक हजार ११६ गाईभैंसीमा यो रोग देखिएको छ। कार्यालयका तथ्याङ्क अनुसार हालसम्म ४५ गाईगोरु लम्पि स्किनका कारण मरिसकेका छन्।

गर्मीयाममा लामखुट्टे, झिङ्गालगायतका कारण यो रोगको प्रकोप देखिने गरेको मिश्रले जानकारी दिनुभयो। गाईभैंसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, र्‍याल काढ्ने, लिम्फनोड सुक्नेजस्ता लक्षण देखा पर्दछन्। सङ्क्रमित गाईबस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ। यो रोग लाग्न नदिन खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैंसी खरिद गर्ने, गोठलाई झिङ्गा, लामखुट्टे तथा अन्य कीराबाटमुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने उहाँले बताउनुभयो।

# पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ साउन

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर पुनः अवरुद्ध भएको छ।

भारी वर्षाका कारण बागलुङ नगरपालिका-१३ कालाखोलामा भिषण पहिरो झर्दा करिडोर अवरुद्ध भएको छ। पाँच दिन अगाडिदेखि अवरुद्ध सडक मङ्गलबार दिउँसो सञ्चालनमा आएको थियो।

रातभर वर्षा भएपछि बुधबारबिहान ९:०० बजे सडक माथिदेखि पहरासहितको पहिरो खस्दा करिडोर ठप्प भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो। सडक अवरुद्ध हुँदा दक्षिण बागलुङसँग सीधा यातायात विच्छेद भएको छ। अवरुद्ध सडक खुलाउनका लागि प्रयास गरे पनि अहिले पनि वर्षा भइरहेको हुँदा खुलाउन नसकेको प्रहरी निरीक्षक थापाले बताउनुभयो। सडक अवरुद्ध हुँदा बागलुङदेखि बुटवल, पाल्पा, भैरहवालगायतका स्थानमा पुग्ने सवारी साधनसमेत ठप्प हुँदा यात्रु अलपत्र परेको उहाँको भनाइ छ।

“कालाखोला क्षेत्रमा ठूलो पहिरो खसिरहेको छ, पाँच दिन अगाडि खसेको पहिरो हिजो मात्रै खुलाएका थियौं, आज फेरि ठूलो पहिरो खसेर सडक अवरुद्ध भएको छ”, प्रहरी निरीक्षक थापाले भन्नुभयो, “यातायता ठप्प हुँदा यात्रुलाई समस्या भएको छ, ठूला-ठूला चट्टानसहितको पहिरो खसेका कारण सडक खुलाउन समस्या भइरहेको छ, कालीगण्डकी करिडोर आयोजनासँग सहकार्य गरेर खुलाउने छौं।”

# उत्पादनमा आधारित अनुदानले तनहुँका किसान व्यावसायिक पशुपालनमा

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ साउन

व्यास नगरपालिकाले उत्पादनका आधारमा किसानलाई अनुदान प्रदान गरेपछि यहाँका सर्वसाधारण व्यावसायिक पशुपालनतर्फ आकर्षित भएका छन्।

किसानलाई प्रोत्साहनस्वरुप सहकारीमार्फत दुध र मासुमा अनुदान दिइएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। दुई हजार ५०० किसानले गाई, दुई हजार जनाले भैंसी र सात हजार ५०० ले बाख्रा पालेका उहाँले बताउनुभयो।

गत आर्थिक वर्षमा किसानलाई दूधमा प्रतिलिटर रु.दुईका दरले रु.४० लाख तीस हजार ६७९ र मासुमा प्रतिकिलो रु.२० का दरले रु.पाँच लाख ४७ हजार सात सय ८६ अनुदान दिइएको छ। एक हजार एक सय पच्चीस गाई र छ सय एक्काइस भैसीमा कृत्रिम गर्भाधान गराइएको छ। एक हजार ५३० किसानका २४ हजार १६७ पशुपन्छीको उपचार,

बाख्रा स्रोत केन्द्र कार्यक्रमअन्तर्गत तीन वटा बाख्रा फार्म छनौट गरी एक लाख २५ हजारमा खोर निर्माण मर्मत गरिनुका साथै ७९ वटा सहकारी संस्थालाई वर्गीकरण गरिएको उहाँले बताउनुभयो।

# तनहुँमा आयुर्वेद चिकित्सालयमा आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ साउन

जिल्लामा आयुर्वेद सेवातर्फ सर्वसाधारणको आकर्षण बढ्दै गएको छ। प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा एक वर्षमा ५९ हजार ७१ सर्वसाधारणले सेवा लिएका छन्।

गत आर्थिक वर्षमा चिकित्सालयबाट २१ हजार १८३ महिला र ३७ हजार ८८८ पुरुषले आयुर्वेद सेवा लिएका वरिष्ठ कविराज निरीक्षक शम्भु चापागाईंले जानकारी दिनुभयो। गत आव २०८०/८१ मा २० हजार र आव २०७९/८० मा १९ हजार २१७ जनालाई सेवा प्रदान गरिएको थियो।

कार्यालयले बिहान ६ बजेदेखि ११ बजेसम्म स्नेहन, श्वेदन, बस्ती कर्म, नस्य, जलनेती र शिरोधारा सेवा प्रदान गर्दै आएको छ। पछिल्ला केही वर्षयता जिल्लामा आयुर्वेद चिकित्साबाट गरिने उपचार पद्धतिमा सर्वसाधारणको विश्वास बढ्दै गएको चापागाईंले उल्लेख गर्नुभयो। उहाँका अनुसार केन्द्रमा ढाड दुख्ने समस्या भएका बिरामीलाई लक्षित गरी थेरापी गर्ने उपकरण पनि सञ्चालनमा आएको छ।

गण्डकी प्रदेशको सहयोगमा कार्यालयले थेरापी उपकरण खरिद गरेर सञ्चालनमा ल्याएपछि ढाड तथा हड्डीसम्बन्धी समस्या भएका बिरामी आउने क्रम बढेको उहाले बताउनुभयो। “हाडजोर्नी, नशा च्यापिएका बिरामीको आकर्षण आर्युर्वेदमा बढ्दै गएको छ”, उहाँले भन्नुभयो।

कार्यालयले उपचारमा उपयोगी पञ्चकर्म, फिजियोथेरापी तथा क्षारसुत्र सञ्चालनमा ल्याएको छ। पाइल्स, फिस्टुला, फिसरलगायत रोगको उपचारमा प्रभावकारी मानिएको क्षारसुत्र विधि सञ्चालनमा ल्याइएको कविराज निरीक्षक चापागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार बिरामीको आवश्यकता र रोग अनुसारको दैनिक योग पनि सञ्चालन हुँदै आएको छ।

आर्युर्वेदिक स्वास्थ्य सेवाप्रति सर्वसाधारणको आकर्षण बढेसँगै कर्मचारीको सीप, उत्साह र जाँगरमा वृद्धि भएको चापागाईंको भनाइ छ। गत एक वर्षको अवधिमा बहिरङ्ग (ओपिडी)तर्फ १५ हजार ९३२, ज्येष्ठ नागरिक सेवातर्फ चार हजार २२८, योगसेवातर्फ १४ हजार ११९, पूर्वकर्म, पञ्चकर्म सेवातर्फ १६ हजार ३७६, स्तनपायी आमा तथा शिशु सेवातर्फ १८८, क्षारसुत्र सेवातर्फ ३३, प्रयोगशाला सेवातर्फ दुई हजार ३४०, फिजियो थेरापीतर्फ पाँच हजार ६२१ र बाँकीले शिरोधारातर्फको सेवा लिएका उहाँले जानकारी दिनुभयो। चिकित्सालयले पतञ्जली योग समितिसँग समन्वय गरी कार्यालयको योगहलमा स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ। त्यस्तै जिल्लाका स्थानीय तह, सरोकार भएका निकायलगायत अन्य निकायसँग निरन्तर समन्वय र सहकार्य गर्दै आयुर्वेदिक उपचार प्रणालीको प्रवर्द्धन गरिरहेको चापागाईंले उल्लेख गर्नुभयो। उहाँका अनुसार कार्यालयमा एक आयुर्वेद चिकित्सक, एक कविराज, दुई वैद्य, एक सहलेखापाल र दुई कार्यालय सहयोगी कार्यरत छन्। “बिरामीको नाम दर्ताका लागि रु १० शुल्क निर्धारण गरिएको छ। बिरामी परीक्षण, औषधि वितरण, प्राथमिक उपचार सेवा निःशुल्क छ। पञ्चकर्म तथा पूर्वकर्म सेवाका लागि रु १५० निर्धारण गरिएको छ भने ज्येष्ठ नागरिकका लागि रसायन औषधि वितरण, स्तनपायी आमाका लागि दुग्धवर्द्धक औषधि वितरण, योग सेवा निःशुल्क गरिएको छ”, चापागाईंले भन्नुभयो। उहाँका अनुसार क्षारसुत्र सेवाका लागि शल्य चिकित्सा सेवातर्फ रु पाँच हजार निर्धारण गरिएको छ।

# ‘५५ वटा आधारभूत अस्पताल सञ्चालनमा ल्याउने तयारी भइरहेको छ’

**रासस**
काठमाडौं, २८ साउन

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले निर्माण सम्पन्न भएर हस्तान्तरण भइसकेका ५५ वटा आधारभूत अस्पताल सञ्चालनमा ल्याउन तीनै तहका सरकार आपसी समझदारीका साथ अघि बढिरहेका बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै मन्त्री पौडेलले देशभर निर्माण सम्पन्न भई स्थानीय तहलाई हस्तान्तरण भएका अन्य अस्पतालहरू पनि सञ्चालनमा ल्याउने गरी कार्यक्रम अघि बढाइएको जानकारी दिनुभयो। यी आधारभूत अस्पतालहरूमा चिकित्सक र उपकरण पुर्‍याउने तयारी भइरहेको उहाँले बताउनुभयो।

बैठकको प्रश्नोत्तर कार्यक्रममा उहाँले मन्त्रालयबाट प्रतिबद्धता गरिएका दायित्वहरू प्रक्रियागत ढङ्गबाट समयमा सम्पन्न गरिएको दाबी गर्नुभयो। कतिपय अस्पताल भने प्रक्रियागत विषय टुङ्गो लाग्न बाँकी रहेकाले सञ्चालनमा ल्याउन नसकिएको उहाँको भनाइ छ। “बाहिरबाट भवन उभिएको देख्छौं। तर त्यस्ता भवनहरू हस्तान्तरण नभएका, निर्माण सम्पन्न नभएका, मुद्दा परेकालगायत अनेकौं समस्याहरू छन्”, मन्त्री पौडेलले भन्नुभयो, “प्रक्रियागत विषयहरू नटुङ्गिएका कारण आधारभूत अस्पताल सञ्चालनमा ल्याउन सकिएको छैन।” बाँके जिल्लाको राप्तीको सोनारी नरैनापुर-४ मा अस्पतालको भौतिक प्रगति शतप्रतिशत भई हस्तान्तरण गर्न बाँकी रहेको जानकारी दिँदै उहाँले स्तान्तरणलगत्तै सञ्चालनमा आउने उल्लेख गर्नुभयो। उहाँका अनुसार अस्पताल सञ्चालनसम्बन्धी कार्यविधि बनेर पारित भइसकेको छ।


## सार्वजनिक सूचना

पर्वत जिल्ला भोर्ले-६ बस्ने पार्वती क्षेत्रीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. २६१६ को क्षेत्रफल १५१.०१ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. २६३१ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


## सच्चाईएको

**पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८२/०४/२३ गते शुक्रबार पृष्ठ ३ मा प्रकाशित धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि. पोखरा–४, कास्कीको धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ७ दिने सूचनामा निसा नेपालीको पुर्नमूल्याङकन रकम रू.८५,०४,४००।–(अक्षरूपी पचासी लाख चार हजार चार सय मात्र) पञ्चकृती मूल्याङकनः रू.८५,०४,४००।– (अक्षरूपी पचासी लाख चार हजार चार सय मात्र) हुनुपर्ने मा अन्यथा भएकोले सच्चाईएको छ।**

# बागलुङमा बर्खेजात्राको रौनकता

रासस
बागलुङ, २८ साउन

असारे मासको दबदबे हिलो छुनलाई घिन लाग्यो,
पातली नानीलाई फरिया किन्दा छ बिसे रिन लाग्यो ।

मङ्गलबार बागलुङ बजारमा नेवारी समुदायले निकालेको रोपाइँजात्राका महिलाको भेषमा सजिएका पुरुषले गाएको गीतको अंश हो यो । उनीहरु मुखियाको खेत रोप्न आएका रोपारहरू अवस्थामा सजिएका छन् । केही पुरुषहरु भने बाउँसेको भूमिकामा छन् ।



बागलुङ बजारमा अहिले दैनिक जसो नेवारी समुदायको जात्रा हेर्न पाइन्छ । यहाँको पुरानो नाचमध्येका लाखे, होवा, घोडा, रोपाइँजस्ता विभिन्न नाच दैनिकजसो प्रदर्शन भइरहँदा बजार क्षेत्र अहिले गुल्जार छ । घण्टा कर्णको अघिल्लो दिन लाखेनाच देखाएर सुरु भएको जात्रा आगामी भदौ ११ गतेसम्म चल्ने छ । बर्खे जात्राको रुपमा भने गाईजात्राको दिनबाट लिने गरिएको छ ।
नेवारी समुदायको लोपोन्मुख संस्कृतिका रुपमा रहेको नाच पछिल्लो समय बागलुङका नेवार समुदायले संरक्षित गर्दै आएका छन् । बर्खे जात्रा संरक्षणमा युवा पुस्ताले चासो देखाउन थालेपछि विभिन्न नाचहरु थप रोमाञ्चित भएका छन् । बागलुङको बर्खेजात्रा २३९ वर्षभन्दा पुरानो रहेको नेवारी समुदायका जानकार बताउँछन् । बर्खे जात्रा नाचअन्तर्गत पर्ने अन्य केही नाच भने खर्चिला भएकाले देखाउन छोडिएको बताउँदै अहिले लाखे, कटुवाल, रोपाइँ, जोगी, घोडा, होवालगायत नाचहरू प्रदर्शन गरिनेछ ।

अहिलेसम्म लाखे, कटुवाल, होवा र रोपाइँ नाच प्रदर्शन गरिसकेको छ । नेपाल भाषा मंका खलःको आयोजनामा अन्य पाँच संस्थाको समन्वयमा बर्खेजात्रा सञ्चालन गरिएको छ । नेवारी संस्कृति संरक्षणमा कठिन भए पनि युवापुस्ताको सक्रियतामा बर्खे जात्रालाई निरन्तरता दिइरहेको नेपाल भाषा मंका खलका अध्यक्ष जयराम भारीले बताउनुभयो । "केही खर्चिला नागनागिनी, शिखारी र थेतर नाच लोप भइसके तर अन्य नाचलाई निरन्तरता दिएका छौँ", भारीले भन्नुभयो, "युवा पुस्तालाई सक्रिय बनाउदा सहज भएको छ, नत्र खर्च र व्यवस्थापनका हिसाबले निकै समस्या छ, संस्कृतिको संरक्षणमा नेवारी समुदाय एकजुट बनेको छ ।"
विसं १८४३ अघि नै बागलुङमा व्यापारको सिलसिलामा नेवार समुदाय आएर बसोबास गरेको लिखित दस्तावेजका आधारमा उक्त नाच नेवार समुदायअन्तर्गत पर्ने स्थानीय काजी गाउँले श्रेष्ठले बताउनुभयो । "शिखारी, थेत्तर र नागनागिनी नाच बढी खर्चिलो भएकाले देखाउन छोडिएको छ, अन्य केही भदौरे अर्थात बर्खेनाच संरक्षित छन्", उहाँले भन्नुभयो, "नेवार जातिका कला संस्कृतिअन्तर्गत धेरै नाच आर्थिक हिसाबले खर्चिला छन्, जुन बचाउनै गाह्रो छ, युवा पुस्ताको चासो भएकाले सहज भएको मात्रै हो ।"बर्खेजात्राका कारण बागलुङ बजार क्षेत्रमा रौनक छाएको जनाउँदै श्रेष्ठले बजेट अभावले तीन वर्षमा देखाउने हनुमान नाच नौ वर्षमा देखाइएको बताउनुभयो । पछिल्लो समय युवाले चासो देखिएका कारण लोप हुन थालेका कतिपय नाच पुनःदेखाउन थालिएको उहाँको भनाइ थियो । नेवार समुदायले अहिले देखाइरहेका भदौरे नाचहरू अन्य जातजातिले रोचक मानेर हेर्ने गरेका छन् । यस नाचलाई भदौरे नाच भन्ने गरिएको छ ।

नेपाल भाषा मंका खलले संयोजन गरे पनि जोगी नाच शाक्य कल्याण समाजको अगुवाइ, कटुवाल, घोडा र रोपाइँ नाच नेवा ल्याम्ह पुचको सक्रियतामा देखाइँदै आएको छ । भदौरे नाचअन्तर्गत लाखे नपर्ने भए पनि बर्खे वरपरमा लाखे नाच प्रदर्शन भइरहेको अगुवा नेवार समुदायले बताउँदै आएका छन् । घण्टाकर्ण चतुर्दशीदेखि हरितालिका तीजको दिनसम्म विभिन्न नाच प्रदर्शन भइरहने शाक्य कल्याण समाजले जनाएको छ । वर्खामा बागलुङका सडक, चोक र बस्ती संस्कृतिमय बन्दा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने देखिएको छ ।

# डाँडाखेत सवस्टेशनको पूर्वाधार निर्माण सकियो

पोखरापत्र संवाददाता
म्याग्दी, २८ साउन

म्याग्दीको मालिका गाउँपालिका-७ डाँडाखेतमा विद्युत् सवस्टेशनको पूर्वाधार निर्माण सकिएको छ ।

नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित डाँडाखेत-राहुघाट प्रशारणलाइन आयोजनामार्फत सवस्टेशनको पूर्वाधार निर्माण सकेर उपकरण जडान थालिएको हो । आयोजना प्रमुख रोशन अग्रवालले डाँडाखेत सवस्टेशनमा उपकरण राख्ने जग्गा र भवन तयार भएको जानकारी दिनुभयो ।

"एकाउन्न रोपनीमा निर्माण भएको डाँडाखेत सवस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान अन्तिम चरणमा पुगेको छ," उहाँले भन्नुभयो, "म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय ग्रीडमा जोड्ने उद्देश्यले सवस्टेशन निर्माण हुन लागेको हो ।" डाँडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माणका लागि सन २०२१ को डिसेम्वर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी कात्तिक २९ गतेसम्म थप भएको छ ।

"समग्रमा ७९ दशमलव १७ प्रतिशत भौतिक प्रगति भएको छ", आयोजना प्रमुख अग्रवालले भन्नुभयो, "राहुघाटमा कमजोर भूबनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले आयोजना निर्माणको समय बढेको हो ।" १३२ केभी क्षमताको डबल सर्किट प्रशारण लाइनको हालसम्म ५९ वटा टावरको जग राखिएकोमा ४५ वटा टावरको काम पूरा भएको छ । चार वटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । प्रशारणलाइन र सवस्टेशनको ८५ प्रतिशत उपकरण आयात भइसकेको छ । २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सवस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको फाउण्डेशन सकेर संरचना निर्माण थालिएको छ । अम्बाङमा सवस्टेशन बनाउन छ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । निर्माण कम्पनीले पछिल्लो पटक केही दिनअघि भारतबाट करिब एक सय जना जनशक्ति ल्याएको छ । कूल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैंकको ऋण लगानी छ ।

रघुगङ्गा गाउँपालिका-३, बेनी नगरपालिकाको ९, १०, मङ्गला गाउँपालिका-१, मालिकाको वडा नम्बर ६ र ७ मा प्रशारणलाइनको टावर निर्माणस्थल हुन् । टावर रहने निजी जग्गाधनीलाई रु एक करोड ५० लाख मुआब्जा वितरण र वन क्षेत्र प्रयोग गरेवापत रु चार करोड ५० लाखमा जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराएको छ ।

म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला-राहुघाट-मङ्गले र २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले परीक्षण उत्पादन थालेका छन् ।

कूल ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट, ४० मेगावाट क्षमताको राहुघाट र २३ दशमलब पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरले बताएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रशारणलाइनमा विद्युत् आपूर्ति गराउन थालेका हुन् ।

# बागलुङमा एक लाख ९३ हजार पशुचौपायालाई खोप

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

जिल्लामा एक लाख ९३ हजार ७२२ पशुचौपायालाई खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले जिल्लाका १० वटै वडाका ८५ वडामा प्राविधिक खटाएर विभिन्न रोगविरुद्धको खोप लगाएको हो ।



कुकुर, गाईभैंसी, राँगा, गोरु, बाख्रा, बङ्गुरलगायत पशुलाई खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख ऋषिराम सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार २५ हजार ५३१ गाईगोरुलाई खोरेत र लम्पी स्किन, ४२ हजार ७२८ भैँसीलाई खोरेत, एक लाख २५५ बाख्रा र ११ हजार ५३८ भैंडालाई पिपिआर खोप दिइएको हो ।

चार हजार ७२८ बङ्गुरलाई हैजाविरुद्धको र आठ हजार ९४२ कुकुरलाई रेबिजको खोप दिइएको सापकोटाको भनाइ छ । गत पुसदेखि जेठसम्म चार चरणअन्तर्गत किसानको गोठमा प्राविधिक पुगेर खोप लगाएका उहाँले बताउनुभयो । किसान हिउँद र बर्खा घुम्ती बसाइँ गर्ने हुँदा चार चरणमा खोप अभियान सञ्चालन गरिएको उहाँले उल्लेख गर्नुभयो । प्रमुख सापकोटले भन्नुभयो, "जिल्लाका अधिकांश किसान घुम्ती बसाइँ गर्नुहुन्छ, हिउँदको समयमा बैंसीका बारीमा पशुचौपाया बाँध्नु हुन्छ, बर्खा लागेपछि बुकी उक्लिने चलन छ, बुकीमा पुगेर खोप लगाउन सम्भव नहुने भएकाले हामीले जेठ अन्तिम सातासम्म खोप अभियान सञ्चालन गरेका हौं । पहिले खोप लगाउन नमान्नेहरूमा अचेल पशु सुरक्षाका लागि खोप लाउनुपर्छ भन्ने मानसिकता विकास भएको छ ।" उहाँका अनुसार पशुसेवा विज्ञ केन्द्रले करिब रु एक करोड लगानीमा खोप अभियान सञ्चालन गरेका हो । पहिले खोप लगाउनका लागि किसानको गोठमा पुग्दा दूध घटाउँछ, बिरामी पर्छन् भनेर नमान्ने गरेकामा अहिले फोन गरेरै खोप लगाइदिन आग्रह गर्ने प्रमुख सापकोटाले बताउनुभयो । तीन वर्ष अगाडि लम्पी स्किन रोगले वस्तुभाउ मरेपछि किसानलाई खोप लगाउनुपर्छ भन्ने चेतनाको विकास भएको उहाँको भनाइ छ ।
जिल्लामा अघिल्लो वर्ष दुई लाख १६ हजार ७२ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको थियो ।

ढोरपाटन नगरपालिका-९ का किसान थमबहादुर घर्तीले दुई वर्ष अगाडि पालिकाले बुकीमा आएर भैँसी र गाईलाई खोप लगाइदिएको भन्दै त्यसपछि कुनै पनि संस्थाले खोप नदिएको बताउनुभयो । आफूले १४ वटा भैँसी, नौ वटा गाई र ५० को हाराहारीमा भैँडा पालन गर्दै आएको उहाँले जानकारी दिनुभयो । गत वर्ष सात वटा भैँडा मर्दा करिब रु एक लाख नोक्सानी भएको उहाँको भनाइ छ । "पहिलापहिला पशुलाई खोप लगाइँदैनथ्यो, तीन-चार वर्ष अगाडि पशु चिकित्सकले गोठमा आएर खोप लगाइदिनुभएको थियो, त्यसपछि कोही पनि आउनुभएको छैन", घर्तीले भन्नुभयो, "नियमित खोप लगाउन नपर्ने भएर हो कि त्यसपछि कोही पनि आउनुभएको छैन । हामी गोठाला बजारमा जान भ्याउँदैनौँ ।"

# रविको कारागार स्थान्तरणको विषय प्रक्रियामा छः गृहमन्त्री लेखक

रासस
काठमाडौं, २८ साउन

गृहमन्त्री रमेश लेखकले पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको कारागार स्थान्तरणको विषय अघि बढेको बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार आयोगको बैठकमा गृहमन्त्री लेखकले कारागार स्थान्तरण सरकारले गर्ने बताउँदै सुरक्षालगायत सबै विषय सुनिश्चित गरेर निर्णय गर्नुपर्नेमा जोड दिनुभयो ।

"अड्डासारका लागि अदालतबाट आदेश होइन सहमति/अनुमति लिनुपर्ने हुन्छ । जुन अदालतमा मुद्दा चलिरहेको हुन्छ, त्यो अदालतले अनुमति दिनुपर्नेमा अदालतको अनुमति प्राप्त छ । उहाँको निवेदन पनि छ", उहाँले भन्नुभयो, "सरकारले कुन कारागारमा सार्ने सुरक्षाका सबै विषय हेरेर निर्णय गर्नुपर्छ । यसलाई मैले गम्भीरता पूर्वक लिएको छु । म सकरात्मक छु ।"

गृहमन्त्रीले लामिछाने कारागारमा पाउनुपर्ने कुनै पनि सुविधाबाट वञ्चित नभएको बताउनुभयो । "जेलहरू साघुँरा छन्, सानै भएपनि उहाँलाई अलगै कोठामा राखिएको छ । कारागार प्रशासनले समस्याका बारेमा बेलाबेला सोधेको मैले जानकारी पाएको छु", गृहमन्त्री लेखकले भन्नुभयो, "कारागारमा उपलब्ध हुने सुविधाबाट वञ्चित गरिएको छैन । उहाँलाई विशेष सुविधा दिएको छ भन्ने पनि होइन ।" लामिछानेलाई साँघुरो भएपनि एउटा कोठामा अलग्गै राखिएको उहाँले जानकारी दिनुभयो ।

"वहाँ एक्लै कोठामा बस्नुभएको छ", लेखकले भन्नुभयो, "भौतिक पूर्वाधार अभाव र बजेटको सिमितताका कारण चाहे जति सुधारका काम गर्न सकिरहेका छैनौँ ।" कारागारको भौतिक पूर्वाधार निर्माण तथा सुधार, कैदीबन्दीको समस्या, सेवा सुविधालाई ध्यानमा राखिएको उहाँको भनाइ छ ।

"सात हजार कैदीबन्दी उत्पादन क्षेत्रसँग जोडिएका छन् । कारागारमा स्वास्थ्य सेवा थप प्रभावकारी र गुणस्तरीय बनाउँदै लैजाने, कैदीबन्दीलाई मनोवैज्ञानिक परामर्श दिने र खुल्ला कारागारसम्बन्धी अवधारणामा जानेलगायत विषयमा सरकारले पहल गरिरहेको छ", उहाँले भन्नुभयो, "बिगत एक वर्षमा प्यारोलमार्फत दुई हजार ७५ जनाभन्दा बढी कैदी छुटेका छन् ।" त्यस्तै कैलाली कारागार छानविन समितिले प्रतिवेदन सार्वजनिक भएपछि कानुनअनुसार दोषीमाथि कारबाही गरिने बताउँदै कारागारमा हतियार प्रवेशको विषय गलत भएको स्पष्ट पार्नुभयो ।

# बागलुङ र पर्वतमा चक्लाबन्दी गरेर व्यावसायिक फलफूलखेती

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइमार्फत बागलुङ र पर्वतका विभिन्न स्थानमा ९९.५ हेक्टर जग्गा चक्लाबन्दी गरी व्यावसायिक रुपमा फलफूल तथा सागसब्जीखेती थालिएको छ ।



परियोजना एकाइका प्रमुख नारायण पौडेलका अनुसार आर्थिक वर्ष २०७६/७७ देखि कृषक समूह र कृषि सहकारीमार्फत किसानलाई जोडेर व्यावसायिक खेतीतर्फ आकर्षित गर्न चक्लाबन्दी गरिएको हो । जग्गा चक्लाबन्दी गरेपछि गाउँका खाली जमिनको उपयोग भएको छ । चक्लाबन्दी भएको जमिनमध्ये रु एक करोड लगानी गरेर सात हेक्टरमा सुन्तला,१२ हेक्टरमा ओखर, २० हेक्टरमा सागसब्जी, १२.५ हेक्टरमा कागती, २७ हेक्टरमा स्याउ र ११ हेक्टरमा किवीका बिरुवा लगाइएको प्रमुख पौडेलले बताउनुभयो । उक्त कार्यालयले ढोरपाटन नगरपालिका-९ नवी गाउँमा जग्गा चक्लाबन्दी गरी स्याउखेती सुरु गरेको छ । गत आवमा दुई सय ८० रोपनी चक्लाबन्दी गरी रेड, गोल्डेन, रोयल डेलिसियस जातका स्याउका बिरुवा लगाइएका छन् ।

नवी गाउँका किसान नन्दे सुनारले यस क्षेत्रमा आफूहरूले झण्डै दुई दशक अगाडिदेखि स्याउखेती गर्दै आए पनि प्रशस्त लाभ लिन नसकेको बताउनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले स्याउखेतीका निम्ति प्रेरित गरेपछि किसान उत्साहित भएका उहाँले बताउनुभयो ।


## मोटर साईकल बिक्री लिलामको १५ दिने सूचना

**प्रकाशित मिति २०८२/०४/२९**

यस धौलागिरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-४ को नाममा भएको इन्जिन न JC65E71332283 चेसिज नं.: ME4JC658LH7031019 भएका ग. १५ प ६८५ को साईन मोटर साइकल जे जस्तो अवस्थामा छ । प्राविधिकको मूल्याङ्कन अनुसार न्यूनतम मूल्य रु ९० हजारमा नघटाई सोही अवस्थामा बिक्रीको लागि गोप्य सिलबन्दी टेन्डर आव्हान गरिएको छ । सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बढाबढ हुने भएकोले निम्न मिति समय र स्थानमा आफ्नो नागरिकताको प्रातिलिपि र १०% ले हुने रकम दरखास्त साथ सलग्न गरी सहभागी हुन अनुरोध गरिन्छ ।

**तपसिल**
मिति २०८२/०५/१३ गत शुक्रबार
समय : दिनको ११ बजे
स्थान : सांकुरा रेष्टुरेन्ट साघुमुख, पोखरा-४, कास्की ।

**धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि.**
**चिप्लेढुंगा-४, पोखरा, फोन नं.: ०६१-५५३८०९,०६१-५७२६४१**